# ६ परमेश्वरको गरिमामय प्रतिज्ञाहरूको प्राथमिकता

*__यस अध्यायका मूल पदहरू__* :गलाती ३:१५-२० ,उत्पत्ति ९:११-१७ ,मत्ती ५:१७-२० ,प्रस्थान १६:२२-२६ ,उत्पत्ति १५:१-६।

*__स्मरण गर्नुपर्ने पद:__* **"यदि परमेश्वरले दिनुहुने अंश व्यवस्थालाई पालन गरेर पाइने भए परमेश्वरको प्रतिज्ञाको कुनै अर्थ हुँदैन। तर प्रतिज्ञा गरेर नै परमेश्वरले अब्राहमलाई दिनुभएको थियो।" वा" परमेश्वरले हामीलाई उपलव्ध गराउनुभएको अनन्त जीवनको भागिदार व्यवस्था पालनमा भर पर्दैन। यदि व्यवस्था पालनमा भर पर्छ भने परमेश्वरको कबुल वा प्रतिज्ञाको कुनै अर्थ हुँदैन। तर परमेश्वर आफ्नै अग्रसरतामा प्रतिज्ञा दिनुभएर अब्राहमलाई आफ्नो उपहार सित्तैंमा दिनुभएको थियो।) "गलाती ३:१८ ,रूपान्तरित(।**

एक राजनैतिक नेतालाई एक जना व्यक्तिले यो जिज्ञासा राखे ," के तपाईंले चुनावको दौरानमा गर्नुभएको सबै कबुल वा प्रतिज्ञाहरूलाई पूरा गर्नुभएको छ?" त्यस नेताले जवाफ दिए ,"छु......कमसेकम ती सबै प्रतिज्ञाहरू जुन मैले पूरा गर्न योजना गरेको थिएँ।"

कुनै न कुनै समयमा आफूले गरेको कबुललाई कसले तोडेन होला? आफूले गरेको वा आफूलाई गराइएको प्रतिज्ञा कसले तोडेनन् होला र ?

प्रायजसो हामीले प्रतिज्ञा गर्छौं वा आफ्नो वचन अरूलाई दिन्छौं। त्यो वचनलाई पालन गर्ने मनशाय त हुन्छ नि। तर कतिपटक ,त्यसलाई पूरा गर्न आवश्यक ठानिन्दैन। हामीलाई थाहा छ कि कतिपय अरूले गरेको कबुल वा वचनवद्धता मिठै देखिएतापनि त्यो केवल झुटमात्र सावित हुन्छ।

तर भाग्यवस हाम्रो निम्ति परमेश्वरले गर्नुभएको प्रतिज्ञा वा कबुल मानिसका कबुलहरू भन्दा भिन्न छन्। परमेश्वरको वचन अटल छ। त्यो कहिल्यै पनि फेरिँदैन। उहाँले भन्नुभयो ,"मैल जे भनें त्यो पूरा गर्नेछु। मैले जुन योजना बनाएँ त्यो पूरा गरिछाड्नेछु।) "यशैया ४६:११ रूपान्तरित(।

परमेश्वरले अब्राहमलाई गर्नुभएको कबुल र त्यसको ४३० वर्ष पछि दिइएको व्यवस्थासँग के सम्वन्ध छ भनेर पावलले हामीलाई गराएको ध्यानआकर्षण यस अध्यायमा हेर्नेछौं। परमेश्वरको कबुल र व्यवस्था पालनको बीचमा कस्तो सम्वन्ध छ भनेर हामीले कसरी जान्नु ?सुसमाचार सुनाउने सिलसिलामा त्यसको अर्थ के हो?

## १. व्यवस्था र विश्वास अर्थात् आस्था (गलाती ३:१५-१८)

मानौं पावलको बिरोधीहरूले अब्राहम विश्वासद्वारा जीउने उनको मूल चरित्र थियो भनेर स्वीकार गरे रे ?अब्राहमसँग कुराकानी गरेको चारसय वर्ष पछि परमेश्वरले इस्रायलीहरूलाई व्यवस्था किन दिइयो भनेर तिनीहरूले प्रश्न गर्नेछन् भनेर पावललाई थाहा थियो। के व्यवस्था दिइसकेपछि पहिलाको सम्झौता वा करार निकम्म हुन गएन त?

**मानिसको मृत्युको समयमा व्यक्त गरिने इच्छापत्र र परमेश्वरले अब्राहमसँग गर्नुभएको करारको बारेमा पावलले गरेको तुलनाको अर्थ के हो ? हेर्नुहोस्ः गलाती ३:१५-२० " १५ भाइ हो, प्रतिदिनको जीवनबाट एउटा उदाहरण लिऔं, एक चोटि पक्का भइसकेपछि मानिसले बनाएको इच्छापत्र कसैले रद्द गर्न सक्दैन, न त त्यसमा केही थप्न सक्छ। १६ प्रतिज्ञाहरू अब्राहाम र उनको सन्तानलाई दिइएका थिए। धर्मशास्त्रले "सन्तानहरूलाई" भन्दैन, यसले त धेरै मानिसहरूको सङ्केत दिन्छ। तर धर्मशास्त्रले "तिम्रो सन्तानलाई" भन्छ, यसले एक जना मानिसको मात्र सङ्केत दिन्छ, जो ख्रीष्ट हुनुहुन्छ। १७ मेरो भनाइको अर्थ यो हो, कि चार सय तीस वर्षपछि आएको व्यवस्थाले त्यसभन्दा अघि परमेश्वरले पक्का गर्नुभएको करारलाई काट्दैन, नत्रता प्रतिज्ञा रद्द भइजानेथियो। १८ किनकि उत्तराधिकार व्यवस्थाद्वारा पाइने हो भने प्रतिज्ञाद्वारा पाइने कुरै आउँदैन। तर परमेश्वरले प्रतिज्ञाद्वारा नै अब्राहामलाई यो दिनुभयो। १९ तब व्यवस्थाको आवश्यकता किन पर्‍यो त? जुन सन्तानलाई प्रतिज्ञा भएको थियो, ऊ नआउञ्जेल अपराधको कारणले व्यवस्था थपियो। अनि एक जना मध्यस्थले स्वर्गदूतहरूद्वारा व्यवस्थाको स्थापना गर्‍यो। २० एउटैको मात्र मध्यस्थ हुँदैन, तर परमेश्वर एउटै हुनुहुन्छ।"**

**लिखित** इच्छापत्र वा कबुलियतनामा र करार प्रायजसो दुई भिन्नाभिन्नै कुरा हुन्। प्रतिज्ञा वा करार भनेको दुई जना वा बढी मानिसहरूको बीचमा गरिने पारस्परिक समझदारीको सम्झौता हो। यसलाई प्रायजसो करार , कबुलियत वा सम्झौता भनिन्छ। तर इच्छापत्र भनेको एक्लै व्यक्तिले व्यक्त गरेको घोषणापत्र हो। जब ग्रीक भाषामा लिखित सेप्टोजिन्ट पुरानो करारको अनुवाद गरिन्छ त्यसबेला ग्रीक शब्द सम्झौता वा कबुलियत )syntheke सिनथेक (शब्द परमेश्वर र अब्राहमको बीचमा भएको करारलाई प्रयोग गरिँदैन। तर त्यसको सट्टामा इच्छापत्र)diatgheke डियाथिक (भन्ने शब्द प्रयोग गरिन्छ। किन त ?हुनसक्छ ,अनुवादकहरूले अब्राहमसँग परमेश्वरले गर्नुभएको करारलाई दुई जनाको बीचमा पारस्परिक समझदारी कबुलियतनामा होइन भनेर बुझेका थिए। बरू ,परमेश्वरको करार उहाँको इच्छामा बाहेक

अरूमा आधारित भएको थिएन। जब परमेश्वरले अब्राहमसँग सुरूमा करार बाँध्नुभयो त्यसबेला उहाँले “यदि," “र "अथवा “तर "भन्ने कुराहरू गाँसिएको थिएन। परमेश्वरको वचन अब्राहमले बिनाशर्त स्वीकार गर्नुपरेको थियो।

परमेश्वरले अब्राहमसँग गर्नुभएको करारलाई विशेष गरि स्पष्ट रूपमा बुझाउन “इच्छापत्र "र “करार "भन्ने शब्दको दुई अर्थ भएको पावलको समझमा थियो। मानिसको इच्छापत्रमा कोहि न कोहि हकदार तोकिएको हुन्छ। त्यसरी नै परमेश्वरले गर्नुभएको कबुलको हकदारहरूका नाम पनि तोकिएको थियो :तिनीहरू थिए अब्राहम र उनका भावी सन्तान उत्पत्ति १२:१-५, गलाती ३:१६। त्यस कबुलमा जायजेथा वा धनसम्पत्तिको उत्तराधिकारी हुने हक पनि समावेश भएको थियो )उत्पत्ति १३:१५ ,उत्पत्ति १७:८ ,रोमी ४:१३ ,गलाती ३:२९। परमेश्वरको कबुल कहिल्यै पनि नबदल्ने विषयचाहीँ पावलको निम्ति अत्यन्त महत्त्वपूर्ण थियो। जब कानुनी प्रक्रिया पूरा हुन्छ तब मानिसको इच्छापत्र बदल्न सकिँदैन। त्यसरी नै परमेश्वरले मोशाद्वारा दिनुभएको व्यवस्थाले अब्राहमसँग अगाडि गरिएको करार बदलिँदैन। परमेश्वरको करार नै उहाँको प्रतिज्ञा वा कबुल थियो(गलाती ३:१६)। अनि आफूले गर्नुभएको कबुल वा प्रतिज्ञा परमेश्वरले कुनै अर्थमा तोड्नु हुन्नयशैया (४६:११ ,हिब्रू ६:१८)।

**देहायका पदहरूमा करारको सट्टा प्रतिज्ञा राख्नुहोस्। ती पदहरूमा करारको स्वभावलाई कसरी देखाइएको छ? करार भनेको परमेश्वरको प्रतिज्ञा वा कबुल हो भन्ने अर्थ बुझेमा ती पदहरू कसरी स्पष्ट हुन जान्छ ?अनि करार भनेको के हो भनेर त्यसले कसरी राम्ररी बुझाउँछ ?परमेश्वरको चरित्रको बारेमा त्यसले के सिकाउँछ र उहाँको भरोसामा रहिरहन हामी कसरी सिक्दछौं ?हेर्नुहस् ती पदहरू :उत्पत्ति ९:११-१७ "११ म तिमीहरूसित मेरो यो करार स्थापित गर्दछु, कि सबै प्राणी फेरि कहिल्यै प्रलयको पानीले नष्ट हुनेछैनन्,अनि पृथ्वीलाई सर्वनाश गर्न फेरि कहिल्यै जलप्रलय हुनेछैन।” १२ अनि परमेश्वरले भन्नुभयो, “जुन करार मेरो र तिमीहरू र तिमीहरूका साथमा भएको हरेक जीवित प्राणीको बीचमा सबै पुस्तौंसम्मको निम्ति म ठहराउँदैछु, त्यसको चिन्ह यही हुन्छ। १३ म बादलमा मेरो इन्द्रेनी राख्तछु, र मेरो र पृथ्वीको बीचमा त्यो एउटा करारको चिन्ह हुनेछ। १४ जहिले-जहिले म पृथ्वीमा बादल फिँजाउँछु र बादलमा इन्द्रेनी देखा पर्छ, १५ मेरो र तिमीहरू अनि हरेक किसिमको जीवित प्राणीको बीचमा रहेको मेरो करार म सम्झनेछु। पानीले फेरि कहिल्यै सबै प्राणीलाई नाश गर्ने प्रलय ल्याउनेछैन। १६ जुन बेला बादलमा इन्द्रेनी देखा पर्छ, म त्यो हेरेर यो सधैंको करारलाई सम्झनेछु, जो परमेश्वर र पृथ्वीका सबै जीवित-जीवातसँग बाँधिएको छ।” १७ यसरी**

परमेश्वरले नोआलाई भन्नुभयो, “मैले पृथ्वीका सारा प्राणी र मेरो बीचमा बाँधेको करारको चिन्ह यही हो।” , उत्पत्ति १५:१८-२१ " १८ त्यसै दिन परमप्रभुले अब्रामसित यसो भनेर करार बाँध्नुभयो, “तिम्रा सन्तानहरूलाई मिश्रदेशको नदीदेखि महानदी यूफ्रेटिससम्मको यो देश मैले दिएको छु– १९ केनी, कनज्जी, कदमोनी, २० हित्ती, परिज्जी, रपाई, २१ एमोरी, कनानी, गिर्गाशी र यबूसीहरूका देशहरू दिएको छु।" र उत्पत्ति १७:१-२७ " १ जब अब्राम उनान्सय वर्षका भए तब परमप्रभु अब्रामकहाँ देखा पर्नुभयो, र तिनलाई भन्नुभयो, “म सर्वशक्तिमान्‌परमेश्वर हुँ। मेरो सामु हिँड्, र निर्दोष भएर बस्। २ मेरो र तिम्रो बीचमा म आफ्नो करार पक्का गर्नेछु, र म तिम्रो अत्यन्तै वृद्धि गराउनेछु।” ३ तब अब्राम घोप्टो परे, र परमेश्वरले तिनलाई यसो भन्नुभयो, ४ “हेर्, यो मेरो करार तिमीसँगै छ। तिमी असंख्य जाति-समूहको पिता हुनेछौ। ५ अब उप्रान्त तिम्रो नाउँ अब्राम हुनेछैन, तर अब्राहाम* हुनेछ, किनकि मैले तिमीलाई असंख्य जातिसमूहको पिता तुल्याएको छु। ६ म तिमीलाई अत्यन्तै फल्दो-फुल्दो तुल्याउनेछु, र तिमीबाट धेरै जातिहरू बनाउनेछु। तिमीबाट राजाहरू उत्पन्न हुनेछन्। ७ तिमी र तिमीपछिका तिम्रा सन्तानका परमेश्वर हुनलाई मेरो करार मेरो र तिम्रो र तिमीपछिका तिम्रा सन्तानहरूका बीचमा युग-युगसम्म स्थापित गर्नेछु। ८ तिमीले प्रवास गरेको यो देश, अर्थात्‌सारा कनान देश तिमी र तिम्रा भावी सन्तानलाई अनन्त अधिकारको निम्ति दिनेछु, र म तिनीहरूका परमेश्वर हुनेछु।” ९ अनि परमेश्वरले अब्राहामलाई भन्नुभयो, “तिमीले चाहिँ मेरो करार पालन गर्नुपर्छ– तिमी र तिमीपछिका तिम्रा सन्तानहरूले तिनका पुस्तौंसम्म। १० मेरो र तिम्रो, र तिमीपछिका तिम्रा सन्तानहरूका बीचमा भएको तिमीहरूले पालन गर्नुपर्ने मेरो करार यही होः तिमीहरूमध्येको हरेक पुरुष-जातिको खतना हुनुपर्छ। ११ तिमीहरूको आफ्नो खलड़ीको खतना हुनुपर्छ। मेरो र तिमीहरूका बीचमा भएको करारको चिन्ह यही हुनेछ। १२ तिमीहरूका पुस्तौंसम्म तिमीहरूमा हरेक पुरुष आठ दिनको हुने बित्तिकै त्यसको खतना गरिओस्, र साथै तिनीहरूको पनि, जो तिमीहरूका सन्तान होइनन्, चाहे घरमा जन्मेको होस्‌अथवा कुनै विदेशीबाट दाम हालेर किनेको होस्। १३ चाहे तिम्रो घरमा जन्मेको होस्‌वा दाम हालेर किनेको होस्‌जसको खलड़ीको खतना भएको छैन, त्यसको खतना हुनैपर्छ। यसरी मेरो करार तिमीहरूको शरीरमा पछि परन्तुसम्म हुनेछ। १४ खतना नगरिएको जुनसुकै पुरुष-जाति जसको खलड़ीको खतना भएको छैन, त्यो मानिस आफ्नो जातिबाट बहिष्कार गरिनेछ। त्यसले मेरो करार भङ्ग गर्छ।” १५ फेरि परमेश्वरले अब्राहामलाई भन्नुभयो, “तिम्री पत्नी साराईलाई चाहिँ अबदेखि साराई नाउँले नबोलाउनू, तर त्यसको नाउँ सारा हुनेछ। १६ म त्यसलाई

आशिष्‌दिनेछु, र निश्चय नै त्यसबाट म तिमीलाई एउटा छोरो दिनेछु। म त्यसलाई आशिष्‌दिनेछु, र त्यो धेरै जातिहरूकी आमा हुनेछे। जाति-जातिहरूका राजाहरू त्यसबाट उत्पन्न हुनेछन्।" १७ तब अब्राहाम घोप्टो परी मनमनै हाँसेर भने, "के सय वर्ष पुगिसकेकोलाई सन्तान होला? नब्बे वर्ष पुगेकी साराले बालक जन्माउलिन्?" १८ अनि अब्राहामले परमेश्वरलाई भने, "इश्‌माएल नै तपाईंको आशिष्‌मा बाँचिरहे त हुन्छ।" १९ तब परमेश्वरले भन्नुभयो, "हो, तर तिम्री पत्नी साराले नै तिम्रो लागि एउटा छोरा जन्माउनेछे, र तिमीले त्यसको नाउँ इसहाक राख्नेछौ। म त्यससित र त्यसपछि हुने त्यसका सन्तानसित आफ्नो करार स्थापित गर्नेछु। २० अनि इश्माएलको विषयमा चाहिँ मैले तिम्रो बिन्ती सुनें। हेर, म त्यसलाई आशिष्‌दिनेछु, र म त्यसलाई फल्दो-फुल्दो तुल्याएर प्रशस्त गरी त्यसको वृद्धि गर्नेछु। बाह्र शासकको त्यो पिता हुनेछ, र म त्यसबाट एउटा ठूलो जाति उत्पन्न गराउनेछु। २१ तर मेरो करार त म इसहाकसँगै स्थापित गर्नेछु, जसलाई साराले आउँदो साल यही समयमा तिमीबाट जन्माउनेछे।" २२ तिनीसित कुरा गरिसक्नुभएपछि परमेश्वर अब्राहामकहाँबाट जानुभयो। २३ अब्राहामले आफ्नो छोरो इश्माएल र आफ्नो घरमा जन्मेका र दाम हालेर किनेका आफ्ना सबै कमारा, आफ्नो घरका पुरुष-जाति सबैलाई लिएर तिनलाई परमेश्वरले भन्नुभएबमोजिम त्यसै दिन तिनीहरूका खलड़ीको खतना गरे। २४ आफ्नो खलड़ीको खतना गर्दा अब्राहाम उनान्सय वर्ष पुगेका थिए, २५ र तिनको छोरो इश्माएलचाहिँ आफ्नो खलड़ीको खतना गर्दा तेह्र वर्षका थिए। २६ अब्राहाम र तिनको छोरो इश्माएलको खतना एकै दिनमा भएको थियो। २७ तिनको घरमा जन्मेका र विदेशीहरूबाट दाम हालेर किनेका सबै पुरुषहरूको खतना तिनको खतनासँगसँगै भयो।"

## २. विश्वास तथा आस्था र व्यवस्था वा धार्मिक विधिहरू (रोमी ३:३१)

कुनै पनि मानिस परमेश्वरसँग व्यक्तिगत सम्वन्ध राख्न चाहन्छ भने उसको जीवनलाई विश्वास तथा आस्थाले पूर्णरूमा ढाक्नुपर्छ भनेर पावलले कडा रूपमा आफ्नो तर्क प्रस्तुत गरेका थिए। मुक्तिको लागि न त खतना न त कुनै व्यवस्थाका रितिथिति पहिला पालन गर्नुपर्छ भनेर उनले बारम्बार दोहोऱ्याउँछन्। यो किनभने "येशू ख्रीष्टलाई विश्वास गर्दा नै हामी परमेश्वरको सामु धर्मी ठहरिन सक्दछौं ,तर व्यवस्थाको पालन गरेर होइन " (गलाती २:१६)भन्ने उनको भनाइ थियो। त्यसकारण मूलभूत रूपमा भन्ने हो भने व्यवस्थालाई पालन वा धर्मकर्म गरेर देखाउने होइन तर येशूमाथिको आस्थाले सुसज्जित भएर बस्नु नै येशूभक्तको परिभाषा हो (गलाती ३:७) । (व्यवस्था भन्दा दुई भागमा विभाजित परमेश्वरको अधीननिर्देशन हुन भनेर

हामीले बुझ्नु पर्दछ। एउटा भाग त त्यो हो मन्दिरमा गरिने बलिपूजाआजा र यहूदी हुन शुद्ध विधि जसले येशूलाई औंल्याउँछ जसको अन्त उहाँको मृत्युपछि भयो। अनि अर्को भाग दश आज्ञा हो जुन बिषेश गरेर पत्थरमा कुँदिएको थियो। मानिसलाई नैतिक आचरणमा ढाल्ने त्यस व्यवस्थालाई नैतिक व्यवस्था पनि भन्दछ।।यहूदी इसाईहरूले बलिप्रथाको अन्त भएको त माने तर दश आज्ञालाई के गर्ने त भनेर पावलसँग भिंडेका थिए।त्यसकारण , के दश आज्ञा व्यवस्थाको मूल्य छैन त ?,के परमेश्वरले त्यस व्यवस्थालाई निलम्वन गर्नुभयो त?

**हो मुक्ति भनेको विश्वास वा आस्थाबाट हो तर व्यवस्था वा आज्ञालाई पालन गरेर होइन। अब के विश्वासले परमेश्वरको त्यस नैतिक व्यवस्थालाई हटाउँदछ त ?देहायका पदहरूले स्पष्ट रूपमा प्रत्येक मानिसले अपनाउनु पर्ने परमेश्वरको व्यवस्था वा दश आज्ञाको बारेमा हामीलाई के भन्दछ ?हेर्नुहोस् : रोमी ३:३१ " तब के हामी यही विश्वासद्वारा व्यवस्थालाई रद्द गर्ने? कदाचित्होइन! बरु हामीहरू त व्यवस्थालाई कायम वा जारि पो राख्छौं।", रोमी ७:७-१२ " ७ हामीले के भन्ने त? व्यवस्था पाप हो? कदापि होइन! यदि व्यवस्था नभए मैले पाप थाहा पाउनेथिइनँ, किनकि "तैंले लोभ नगर्" भनी व्यवस्थाले नभनेको भए लोभ गर्नु के हो सो थाहा पाउनेथिइनँ। ८ तर पापले आज्ञामा मौका पाएर ममा सबै किसिमका लोभ उत्पन्न गरायो। व्यवस्थाविना त पाप मुर्दातुल्य हो। ९ व्यवस्थाविना रहँदा एक पल्ट म जीवित थिएँ, तर आज्ञा आएपछि पाप जागिउठ्यो, र मचाहिँ मरें। १० जीवनको प्रतिज्ञा दिने त्यही आज्ञाले मेरो निम्ति मृत्यु ल्यायो। ११ किनकि पापले आज्ञाद्वारा मौका पाएर मलाई छल्यो, र त्यसैद्वारा मलाई मार्‍यो। १२ व्यवस्था पवित्र छ, र आज्ञा पवित्र, न्यायसङ्गत र असल छ।', रोमी ८:१-४ " १ यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन। २ पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ। ३ पापमय स्वभावले दुर्बल पारिएको हुनाले व्यवस्थाले जे गर्न सकेन परमेश्वरले गर्नुभयो, अर्थात्उहाँले आफ्ना पुत्रलाई पापमय शरीरको स्वरूपमा पापबलिझैं पठाउनुभयो। यसरी उहाँले पापलाई शरीरमा नै दण्ड दिनुभयो, ४ यस हेतुले कि व्यवस्थाको उचित आवश्यकता हामीमा पूर्ण होस्, हामी जो पापमय स्वभावअनुसार होइन, तर पवित्र आत्माअनुसार चल्दछौं।" र मत्ती ५:१७-२० " १७ "व्यवस्था अथवा अगमवक्ताहरूलाई रद्द गर्न म आएको भन्ने नसम्झ। म ती रद्द गर्न होइन, तर पूरा गर्न आएँ। १८ किनभने साँच्चै म तिमीहरूलाई भन्दछु, जबसम्म स्वर्ग र पृथ्वी टलेर जाँदैन तबसम्म सबै कुरा पूर्ण नभई कुनै किसिमले व्यवस्थाबाट एउटा मात्रा वा एउटा बिन्दु टल्नेछैन।**

**१९ यसैकारण जसले यी आज्ञाहरूमध्ये सबैभन्दा सानोलाई उल्लङ्घन गर्ला, र मानिसहरूलाई त्यसै गर्न सिकाउला, स्वर्गको राज्यमा त्यो सबैभन्दा सानो कहलाइनेछ। तर जसले ती आज्ञाहरू पालन गर्ला र सिकाउला, स्वर्गको राज्यमा त्यो ठूलो कहलाइनेछ। २० किनभने म तिमीहरूलाई भन्दछु, तिमीहरूको धार्मिकता शास्त्री र फरिसीहरूको भन्दा बढ़ी भएन भने तिमीहरू कुनै रीतिले स्वर्गको राज्यमा प्रवेश गर्नेछैनौ।"**

रोमी ३ अध्यायमा पावलले प्रस्तुत गरेका आफ्नो तर्क गलातीमा छलफल गरिएको विश्वास र व्यवस्थाको समान छ।। आफूले गरेको टिप्पणीले गर्दा व्यवस्थाको मोलमा वा रद्द गराएर विश्वासलाई पावलले अघि सारिरहेको छ भनेर कुनै कुनैले सोच्दछ भनेर पावललाई थाहा थियो। त्यसकारण पावल आफैले यो प्रश्न सोध्दछ :"के त्यस विश्वास वा आस्थाले व्यवस्थालाई फ्याकिँदिन्छ त?" (रोमी ३:३१ रूपान्तरित(। "फ्याँकिने "वा "रद्द "गर्ने भन्ने शब्द कटार्गियो katargeo) बाट अनुवाद गरिएको हो। यहि शब्दलाई पावलले प्रायजसो प्रयोग गरेको हामी पाउँछौं। यसैलाई विभिन्न अनुवादमा उतार्न सकिन्छ। जस्तै "बेकारको) "रोमी ३:३ रूपान्तरित(, "निलम्वन वा हटाउनु) "एफिसी २:१५(, "नगण्य वा शुन्यतामा झार्नु) "रोमी ६:६ रूपान्तरित(, र अझ "नाश गर्नु) "१ कोरन्थी ६:१३। येशू क्रुसमा टाँगिन्दा परमेश्वरको दश आज्ञाको औचित्य समाप्त भयो वा हटाइयो भनेर आज पनि कतिपयले दावी गर्दछन्। तर पावलले कडा शब्दमा त्यस धारणाको प्रतिकार गर्दै भन्दछ "अहँ ,कदापी होइन "!अझ एक कदम अगाडि गएर पावलले भन्दछन् ,आफूले प्रचार गरेको सुसमाचारले त परमेश्वरको त्यो व्यवस्था वा दश आज्ञालाई स्पष्ट रूपमा "स्थापित गर्दछ वा निरन्तरता दिँदछ।"

परमेश्वरले आफ्नो व्यवस्थाको उच्च गरिमामय वा आदरलाई विश्वासद्वारा धर्मी ठहरिन्छ भन्ने योजना देखाउन आफ्नो पुत्रलाई बलि चढ्न दिनुभएको थियो किनभने पापले मानिसको मृत्युको माग गर्दछ वा उसको सट्टामा कोही मर्नुपर्ने ठहऱ्याँछ। यदि विश्वासद्वारा मानिस धर्मी ठहरिएको कारणले परमेश्वरको दश आज्ञा खारेज हुन्छ भने पापीलाई उसको पापबाट छुटकारा दिन र परमेश्वरसँग पुनर्मिलन गर्न येशू ख्रीष्टको मृत्युको कुनै आवश्यक हुने थिएन।

"दिलैदेखि गरेको सत्य विश्वास वा आस्थामा लागेको पापीले परमेश्वरको व्यवस्थालाई पालन गरेर उहाँको इच्छा अनुसार उहाँलाई पछ्याउन उत्सुक हुन्छ।... मुक्तिदातालाई भित्री हृदयदेखि प्रेम देखाउने आधार नै वास्तविक विश्वास हो। यसले नै परमेश्वरको आज्ञा पालन गर्न

अग्रसर गराउँदछ।"*-एसडिए बाइबल कमेन्टरी ,ठेली ६ ,पृ. ५१०बाट रूपान्तरित।*

विश्वासले दश आज्ञा वा व्यवस्थालाई निलम्वन गर्छ भन्ने धारणा यदि पावलको हो भने विश्वासीहरूको स्थिति कस्तो हुने होला ,सोच्नुहोस्। यसको अर्थ के अब व्यभिचार गर्ने ,चोर्ने ,हत्या गर्ने आदि वैध वा निरपराधमा गनियो त ?यदि तपाईंले परमेश्वरको शक्तिद्वारा उहाँको आज्ञालाई आत्मसात् गर्नुभयो भने कतिपय शोक ,वेदना र कष्टबाट राहत पाउनुहुने थियो होला भन्ने धारणालाई सोच्नुहोस। परमेश्वरले दिनुभएको दश आज्ञाको कुनै पनि भागलाई नमान्दा तपाईं वा अरू कुनै कष्ट भोग्नु परेको के तपाईंलाई थाहा छ?

## ३. दश आज्ञा वा व्यवस्थाको उद्देश्य (गलाती ३:१९-२९)

गलाती ३:१९-२९मा पावलले बारम्वार "व्यवस्था "भनेर नै तोकेर छलफल गरेको पाइन्छ। गलातीको यस भागमा जब पावलले व्यवस्था भनेर सम्वोधन गर्दछन् त ,उनले कुन व्यवस्थालाई औंल्याइरेका थिए? हेर्नुहोस्: " १९ तब व्यवस्थाको आवश्यकता किन पर्‍यो त? जुन सन्तानलाई प्रतिज्ञा भएको थियो, ऊ नआउञ्जेल अपराधको कारणले व्यवस्था थपियो। अनि एक जना मध्यस्थले स्वर्गदूतहरूद्वारा व्यवस्थाको स्थापना गर्‍यो। २० एउटैको मात्र मध्यस्थ हुँदैन, तर परमेश्वर एउटै हुनुहुन्छ। २१ तब के व्यवस्था परमेश्वरका प्रतिज्ञाहरूका विरुद्ध छ र? कदापि छैन। यदि जीवित पार्न सक्ने व्यवस्था दिइएको भए, धार्मिकता साँच्चै व्यवस्थाबाट हुनेथियो। २२ तर धर्मशास्त्रले बताउँछ, कि सबै कुरा पापको कैदमा छ, ताकि जुन प्रतिज्ञा येशू ख्रीष्टमाथि विश्वासद्वारा दिइएको थियो, त्यो विश्वास गर्नेहरूलाई दिइओस्। २३ तर विश्वास आउन अघि हामी व्यवस्थाको वशमा थियौं, र विश्वास प्रकट नभएसम्म हामी थुनिएका थियौं। २४ विश्वासद्वारा हामी धर्मी ठहरिन सकौं भनेर व्यवस्थालाई हाम्रो संरक्षक भई हामीलाई ख्रीष्टसम्म डोर्‍याउने जिम्मा दिइयो। २५ तर अब विश्वास आएको हुनाले अब उप्रान्त हामी संरक्षकको अधीनमा छैनौं। २६ किनकि विश्वासद्वारा तिमीहरू सबै ख्रीष्ट येशूमा परमेश्वरका सन्तान हौ। २७ किनकि तिमीहरूमध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो, तिमीहरू सबैले ख्रीष्टलाई धारण गरेका छौ। २८ अब न त यहूदी छ न ग्रीक, न कमारा छ न फुक्का, न त पुरुष न स्त्री छ, किनभने ख्रीष्ट येशूमा तिमीहरू सबै एउटै हौ। २९ यदि तिमीहरू ख्रीष्टका हौ भनेता तिमीहरू अब्राहामका सन्तान हौ, र प्रतिज्ञाबमोजिम उत्तराधिकारीहरू हौ।"

पद १९मा उल्लेखित "नआउञ्जेल "भन्ने शब्दले व्यवस्था अस्थायी भएको जनाउँछ भनेर कतिपय मानिसहरूले विश्वास गरेको पाइन्छ। यो

पदले रितिथिति वा पवित्र मन्दिरमा गरिने आराधना बिधिलाई औंल्याउँछ भनेर ती मानिसहरूले दावी गर्दछन्। किनभने त्यस बिधिको उद्देश्य क्रुसमा पूरा भएको थियो ,अर्थात् त्यस बिधिमा गरिने सम्पूर्ण कार्य जसले येशूलाई औंल्याउँथ्यो त्यो क्रुसमा सम्पन्न भइसकेकोले ती बिधिहरूको औचित्य समाप्त भइसकेको थियो। यो तर्क अत्यन्त सहि भएको पनि देखिन्छ। तर गलातीको पत्रमा पावलले त्यस तर्कलाई अघि सारेको देखिन्दैन। हो ,पापको ज्यादतीले मन्दिरमा पालन गर्ने धार्मिक रितिथिति र नैतिक व्यवस्था अर्थात् दश आज्ञा गर्दा सीनै पहाडमा परमेश्वरले थपिनुभएको थियो। त्यसमा दश आज्ञाचाहिँ पत्थरमा कुँधिएर दिनुभएको थियो भने अरू बिधिहरूचाहिँ परमेश्वरको निर्देशन बमोजिम मोसाले लेखेका थिए। तर जब हामी देहायका जिज्ञासाहरूलाई अघि सार्दछौं तब मन्दिरमा कार्यान्वन गरिने व्यवस्थालाई पावलले सम्वोधन नगरि उनको मनमा दश आज्ञा अर्थात् नैतिक व्यवस्थालाई सम्वोधन गरेको थियो भन्ने आभास हामी पाउँदछौं।

के पावलको भनाई अनुसार नैतिक व्यवस्था वा दश आज्ञा थपिएको थियो त? तर त्यस समयमा के थपिएको थियो? हेर्नुहोस् तुलनात्मक रूपमा देहायका पदहरूः गलाती ३:१९ "तब व्यवस्थाको आवश्यकता किन पऱ्यो त? जुन सन्तानलाई प्रतिज्ञा भएको थियो, ऊ नआउञ्जेल अपराधको कारणले व्यवस्था थपियो। अनि एक जना मध्यस्थले स्वर्गदूतहरूद्वारा व्यवस्थाको स्थापना गऱ्यो।" र रोमी ५:१२-२१ "१२ एक जना मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु। यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो। १३ व्यवस्था दिइन अघि पनि संसारमा पाप थियो, तर जहाँ व्यवस्था छैन, त्यहाँ पापको लेखा पनि हुँदैन। १४ आदमदेखि लिएर मोशासम्मका मानिसहरूमाथि मृत्युले राज्य गऱ्यो, तिनीहरूमाथि पनि जसले आदमले गरेजस्तो अपराध गरेका थिएनन्। ती आदमचाहिँ आउनुहुनेको प्रतिरूप थिए। १५ सित्तैंको वरदान र त्यस अपराधमा केही समानता छैन। किनकि एक जना मानिसको अपराधले गर्दा धेरै मरे भनेता झन्बढ़ी परमेश्वरको अनुग्रह र एक जना मानिसको, अर्थात्येशू ख्रीष्टद्वारा आएको सित्तैंको वरदान धेरैका निम्ति प्रशस्त भयो। १६ सित्तैंको वरदानचाहिँ त्यस एक जना मानिसको पापको नतिजाजस्तै होइन। किनकि एउटा अपराधको इन्साफले दण्डको आज्ञा ल्यायो, तर धेरै अपराधका पछि आउने सित्तैंको वरदानले निर्दोषीकरण ल्याउँछ। १७ यदि एउटै मानिसको अपराधले गर्दा त्यस मानिसद्वारा मृत्युले राज्य गऱ्यो भनेता झन्बढ़ी प्रशस्त अनुग्रह र धार्मिकताका सित्तैंको वरदान पाउनेहरूले एउटै मानिस येशू ख्रीष्टद्वारा जीवनमा राज्य गर्नेछन्। १८ यसैले जसरी एउटै मानिसको अपराधले सबै मानिसहरू दण्डका भागीदार बने, त्यसरी

**नै एउटै मानिसको धार्मिकताको कामले सबै मानिसका निम्ति धर्मी ठहराएर जीवन ल्याउँछ। १९ किनकि जसरी एउटै मानिसको अनाज्ञाकारिताले धेरै जना पापी बनाइए, त्यसै गरी एकै जनाको आज्ञाकारिताद्वारा धेरै जना धार्मिक बनाइनेछन्। २० व्यवस्था आयो र अपराधको वृद्धि भयो, तर जहाँ पाप बढ्यो अनुग्रह झन्बढ़ी मात्रामा बढ्यो, २१ यस हेतुले कि जसरी पापले मृत्युमा राज्य गर्‍यो, त्यसै गरी येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा अनुग्रहले धर्मी ठहराएर अनन्त जीवनसम्म राज्य गरोस्।"**

सीनै पहाडमा दिएको व्यवस्था अब्राहमसँग परमेश्वरले गर्नुभएको करारमा थपिएको थियो भनेर पावलले भन्न खोजिरहेका होइनन् ,किनभने यदि हो भने के अब्राहमसँग गरिएको प्रथम् करारमा संशोधन गरि नयाँ विधि थपिएको हो त ?यस पछिको अध्यायमा पढ्नुभयो भने सीनै पहाडमा दिइएको व्यवस्था धेरै अघिदेखिनै थियो भनेर तपाईंले पाउनुहुनेछ। बरू इस्रालयलीहरूलाई सीनै पहाडमा दिइएको व्यवस्थाको उद्देश्य बिल्कुल फरक थियो भनेर पावलले आफ्नो तर्क प्रस्तुत गर्दछन्। मानिसहरूलाई परमेश्वरतिर फर्कन र उहाँले दिनुभएको अनुग्रहलाई उहाँमा विश्वासद्वारा आउने प्रत्येक व्यक्तिले पाउन् भन्ने उद्देश्यले व्यवस्था वा दश आज्ञा दिइएको थियो। दश आज्ञाले हाम्रो पापी स्वभावलाई प्रकट गर्दछ र हामीलाई परमेश्वरको अनुग्रहको आवश्यकतालाई औँल्याउँदछ। मुक्तिलाई प्राप्त गर्न कुनै कार्यक्रम गर्न त्यो व्यवस्था जसलाई बिधिको शासनमा रहने नैतिक आज्ञा पनि भनिन्छ, दिएको होइन। तर पापको वृध्दिलाई देखाउन व्यवस्था दिएको थियो )रोमी ५:२० रूपान्तरित ।"व्यवस्था आयो तब पापको वृद्धि भयो "भनेर अक्षरस रूपमा झट्ट हेर्दा व्यवस्था नआएको भए पाप पनि हुने थिएन भन्ने अपूर्ण धारणा मानिसको मनमा हुनसक्दछ(। तर हाम्रो जीवनमा बढिरहेको पापलाई स्पष्ट रूपमा देखाउने व्यवस्था अर्थात् दश आज्ञाको उद्देश्य हो।(रोमी ७:१३)।

परमेश्वरको पवित्र स्थानमा गरिने रितिथितिको व्यवस्थाले मसीह वा आउनेवाला अभिषेक व्यक्तित्वलाई औँल्याउँथ्यो। मुक्तिदाताको आवश्यकता र उहाँको पवित्रतामा त्यसले केन्द्रित गर्दथ्यो। पाप हाम्रो प्राकृतिक स्वभावको भाग होइन भनेर नैतिक व्यवस्था वा दश आज्ञाले देखाउँदछ किनभने यसमा "तिमीले नगर्नु" भन्ने आदेशहरू दिएका छन्। पापले परमेश्वरको व्यवस्थालाई )दश आज्ञा (तोड्दछ )रोमी ३:२० ,रोमी ५:१३,२० ,रोमी ७:७,६,१३(। त्यसैकारण खुलस्त रूपमा पावलले भन्दछन् :"यदि त्यहाँ व्यवस्था वा अधीननियम अर्थात् बिधिको शासननै छैन भने ,त्यसलाई तोड्नु कुरै हुँदैन) "रोमी ४:१५ रूपान्तरित।

"परमेश्वरको आज्ञा वा दश आज्ञाले ठूलो देखाउने सिसा) आई ग्लास (जस्तो काम गर्दछ। त्यो ठूलो पार्ने सिसाले वस्तुमा भएको दागलाई झन फोहर पार्ने गरेर थपि दिँदैन। बरू यस सिसाले फोहरलाई झन स्पष्ट रूपमा फोहर देखाउँदछ ,जुन कि नाङ्गो आँखाले हामीले हेर्न सक्दैनौं।"-विलियम हेन्ड्रिक्सन् ,न्यु टेस्टामेन्ट कमेन्टरी, एक्स्पोजिशन अन गलेशियनस् )ग्राण्ड रापिड ,मिशिगन :बेकर बुक हाउस ,१९६८(, पृ. १४१बाट रूपान्तरित।

## ४. परमेश्वरको व्यवस्था ,विषेश गरी दश आज्ञाको लामो इतिहास (उत्पत्ति ९:५,६)

सीनै पहाडमा व्यवस्था थपियो भनेर के पावलले भन्दछन् त? यसको अर्थ के त्यो भन्दा अघि व्यवस्था थिएन त ?यदि थियो भने सीनैमा दिएको व्यवस्था र अगाडि भएको व्यवस्थामा कुनै भिन्नता छ त ?हेर्नुहोस् :उत्पत्ति ९:४-६ " ४ "तर मासु त्यसको प्राण दिने रगतसमेत नखाओ। ५ र तिमीहरूको प्राण दिने रगतको सट्टा म निश्चय लेखा लिनेछु। हरेक पशुदेखि म प्राणको साटो लिनेछु, र हरेक मानिसदेखि पनि आफ्नो दाजुभाइका प्राणको साटो म लिनेछु। ६ "जसले मानिसको रक्तपात गर्छ, मानिसबाटै त्यसको रक्तपात हुनेछ, किनभने परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा बनाउनुभएको हो।" , उत्पत्ति १८:१६-२१ "१६ तब ती पुरुषहरू त्यहाँबाट सदोमतिर हेर्न लागे। अब्राहाम उनीहरूसित अलि परसम्म बाटो देखाउन गए। १७ परमप्रभुले भन्नुभयो, "मैले गर्न लागेको काम के अब्राहामबाट लुकाएर राखूँ? १८ अब्राहामबाट एउटा ठूलो र शक्तिशाली जाति बन्नेछ, र त्यसद्वारा नै पृथ्वीका सबै जातिहरूले आशिष्पाउनेछन्किनभने त्यसले आफ्ना छोराछोरीहरू र घरानालाई धर्म र न्याय गरेर परमप्रभुको मार्ग पालन गर्नलाई आज्ञा दिओस्भनेर मैले त्यसलाई छानेको छु। यसैले नै परमप्रभुले अब्राहामसित गर्नुभएको प्रतिज्ञा पूरा गरिदिनुहुनेछ।" २० तब परमप्रभुले भन्नुभयो, "सदोम र गमोराको विरुद्धमा ठूलो आवाज उठेको छ, र तिनीहरूका पाप साह्रै ज्यादा भएका छन्। २१ अब त्यही आवाजअनुसार तिनीहरूबाट यो काम भएको हो कि होइन भनी हेर्नलाई म तल ओर्लेर जानेछु। होइन रहेछ भने मलाई थाहा हुनेछ।", उत्पत्ति २६:१-६ "१ अब्राहामको समयमा परेको अनिकालबाहेक त्यस देशमा अर्को अनिकाल पनि पर्‍यो। तब इसहाक पलिश्तीहरूका राजा अबीमेलेककहाँ गरार देशमा गए। २ परमप्रभुले तिनीकहाँ देखा परेर तिनलाई भन्नुभयो, "मिश्रमा नजाऊ, तर मैले तिमीलाई भनेकै ठाउँमा बस् । ३ त्यही ठाउँमा बसोबास गर्‌र म तिमीसँग रहनेछु, र तिमीलाई आशिष्दिनेछु, किनकि

मैले तिम्रो बाबु अब्राहामसँग शपथ हालेर दिएको प्रतिज्ञा म पूरा गरेर तिमीलाई
र तिम्रा सन्तानलाई यी नै देशहरू दिनेछु। ४ तिम्रा सन्तानलाई आकाशका
ताराहरू झैं बढ़ाउनेछु, र तिनीहरूलाई यी सबै देश दिनेछु। तिम्रै
सन्तानहरूद्वारा संसारका सबै जातिहरूले आशिष् पाउनेछन्, ५ *किनभने*
*अब्राहामले मेरो वचन पालन गऱ्यो, र मैले दिएका आदेशहरू, मेरा आज्ञाहरू,*
*मेरा नियमहरू र मेरा विधिविधानहरूको प्रतिपालन गऱ्यो।*" ६ यसैकारण
इसहाक गरारमा नै बसे।", उत्पत्ति ३९:१-१२ " १ अब योसेफ मिश्रमा
लगिए, र फारोका एउटा अधिकृत, अङ्गरक्षकका कप्तान पोतीफर भन्ने एक जना
मिश्रीले तिनलाई त्यहाँ ल्याउने इश्माएलीहरूका हातबाट किने। २ परमप्रभु
योसेफको साथमा हुनुहुन्थ्यो, र त्यहाँ तिनको उन्नति भयो। तिनी आफ्ना मिश्री
मालिकको घरमा बस्थे। ३ तिनका मालिकले परमप्रभु तिनको साथमा
हुनुभएको र तिनले गरेका सबै काममा परमप्रभुले उन्नति गराउनुभएको देखे।
४ यसैले उनको निगाह योसेफमाथि रह्यो। योसेफले उनको सेवा-टहल गर्थे।
उनले तिनलाई आफ्नो घरको मुख्य कारिन्दा तुल्याएर उनीसँग भएका सब
थोकको जिम्मा तिनलाई दिए। ५ उनले तिनलाई आफ्नो घरको र आफूसँग
भएका सबै कुराको मुख्य कारिन्दा तुल्याएको समयदेखि परमप्रभुले योसेफको
खातिर त्यस मिश्रीको घरमा आशिष्दिनुभयो। परमप्रभुको आशिष् उनको
घरबार, अन्न-खेत र सबै कुरामाथि थियो। ६ यसैले आफूसँग भएका सबै
उनले योसेफको जिम्मामा छोड़िदिए। आफूले खाने भोजनबाहेक आफूसँग
भएको अरू कुनै कुराको विषयमा उनी वास्ता राख्दैनथिए। योसेफ सुन्दर र
हेर्नमा राम्रा थिए। ७ केही समयपछि तिनका मालिककी पत्नीले योसेफमाथि
नजर लगाएर भनिन्, "मसँग सुत्।" ८ तर तिनले अस्वीकार गरेर आफ्ना
मालिककी पत्नीलाई भने, "हेर्नुहोस्, म यस घरमा भएकोले गर्दा मेरा
मालिकलाई यस घरमा भएको कुनै कुराको पनि फिक्री छैन, र उहाँसँग भएका
सबै कुरा उहाँले मेरै जिम्मामा दिनुभएको छ। ९ यस घरमा मभन्दा ठूलो
कोही छैन। उहाँले तपाईंबाहेक सबै कुरा मलाई दिनुभएको छ, किनभने तपाईं
उहाँकी पत्नी हुनुहुन्छ। तब कसरी यस्तो घोर दुष्ट काम गरेर परमेश्वरको
विरुद्धमा मैले पाप गर्नु?" १० अनि तिनले दिनदिनै योसेफसँग कुरा गरे तापनि
तिनीसित सुत्न अथवा तिनीसित बस्न योसेफ मानेनन्। ११ एक दिन योसेफ
आफ्नो काम गर्न घरभित्र गएका थिए। घरमा अरू कोही काम गर्ने मानिस
थिएन। १२ तिनले योसेफको लुगा समातेर भनिन्, मसित सुत्।" तर आफ्नो
लुगा तिनकै हातमा छोड़ेर योसेफ भागे, र घरबाट बाहिर निस्के।" र प्रस्थान
१६:२१-३० " २१ यसरी बिहान-बिहान तिनीहरू हरेक मानिसले आफूले
खाने जति बटुल्थे, र घाम छिप्पिएपछि त्यो बिलाइहाल्थ्यो। २२ छैटौं दिनचाहिँ

तिनीहरूले दोबर, अर्थात्हरेकको निम्ति दुई-दुई ओमेर बटुले, अनि समुदायका सबै नाइकेहरू आएर मोशालाई त्यो कुरा बताए। २३ तब तिनले तिनीहरूलाई भने, "परमप्रभुले अह्राउनुभएको कुरा यही होः 'भोलि विश्रामको दिन हो, परमप्रभुको निम्ति एक पवित्र शबाथ हो। जे पकाउनु छ, सो पकाओ, र जे उमाल्नु छ, सो उमाल। जति उब्रिन्छ त्यो आफ्नो निम्ति बिहानसम्मलाई राख'।" २४ मोशाले आज्ञा गरेझैं त्यो तिनीहरूले बिहानसम्मै छोड़िराखे। त्यो गन्हाएन र त्यसमा कुनै कीरा पनि लागेन। २५ तब मोशाले भने, "त्यो आज खाओ, किनकि आज परमप्रभुको निम्ति शबाथ हो। आज त्यो तिमीहरूले भूमिमा पाउनेछैनौ। २६ छ दिनसम्म तिमीहरूले त्यो बटुल, तर सातौं दिन शबाथ हो, र त्यसमा केही हुनेछैन।" २७ तरै पनि सातौं दिनमा मानिसहरूमध्ये कति जना त्यो बटुल्न गए, तर केही पाएनन्। २८ तब परमप्रभुले मोशालाई भन्नुभयो, "कहिलेसम्म तिमीहरू मेरा आज्ञा र मेरा आदेशहरू मान्न अस्वीकार गर्नेछौ? २९ याद राख, कि परमप्रभुले तिमीहरूलाई शबाथ दिनुभएको छ। यसैकारण परमप्रभुले तिमीहरूका निम्ति छैटौं दिनमा दुई दिनको भोजन दिनुहुन्छ। सातौं दिनमा तिमीहरू हरेक जहाँ छौ त्यहीं नै बसिरहनू, कुनै पनि मानिस आफ्नो डेराबाट बाहिर नजाओस्।" ३० यसकारण मानिसहरूले सातौं दिनमा विश्राम गरे।"

बादललाई घन्काएर ,बिजुली चम्काएर र मृत्युको सजाँय सुनाएर (प्रस्थान १९:१०-२३)परमेश्वरले अब्राहमलाई आफ्नो व्यवस्था दिनुपरेको थिएन। तर इस्रायलीहरूलाईचाहिँ परमेश्वरले त्यस प्रक्रियाद्वारा व्यवस्था किन दिनुभयो त ?किनभने सयौं वर्षसम्म दासत्व जीवन बिताएका इस्रायलीहरूले परमेश्वरको महानता र उहाँको सिद्ध नैतिक चरित्रको आदर्शलाई बिर्सेका थिए। यसको फलस्वरूप इस्रायलीहरूले आफू कति पापी छौं भनेर महसुस गर्नु आवश्यक थियो। अनि तिनीहरूले परमेश्वरको व्यवस्था कत्तिको पवित्र छन् भनेर बुझ्नु आवश्यक थियो। जुन घट्नाद्वारा सीनैमा व्यवस्था दिइयो , त्यसले नै त्यस कुरालाई स्पष्ट रूपमा देखाउँदछ।

गलाती ३:१५-१९मा पावलले प्रतिज्ञा गरिएको बिउ वा सन्तान नआउञ्जेल व्यवस्था थपिएको थियो भन्नुको अर्थ के हो त? हेर्नुहोस्: "१५ भाइ हो, प्रतिदिनको जीवनबाट एउटा उदाहरण लिऔं, एक चोटि पक्का भइसकेपछि मानिसले बनाएको इच्छापत्र कसैले रद्द गर्न सक्दैन, न त त्यसमा केही थप्न सक्छ। १६ प्रतिज्ञाहरू अब्राहाम र उनको सन्तानलाई दिइएका थिए। धर्मशास्त्रले "सन्तानहरूलाई" भन्दैन, यसले त धेरै मानिसहरूको सङ्केत दिन्छ। तर धर्मशास्त्रले "तिम्रो सन्तानलाई" भन्छ, यसले एक जना मानिसको मात्र सङ्केत दिन्छ, जो ख्रीष्ट हुनुहुन्छ। १७ मेरो भनाइको अर्थ यो हो, कि चार सय

**तीस वर्षपछि आएको व्यवस्थाले त्यसभन्दा अघि परमेश्वरले पक्का गर्नुभएको करारलाई काट्दैन, नत्रता प्रतिज्ञा रद्द भइजानेथियो। १८ किनकि उत्तराधिकार व्यवस्थाद्वारा पाइने हो भने प्रतिज्ञाद्वारा पाइने कुरै आउँदैन। तर परमेश्वरले प्रतिज्ञाद्वारा नै अब्राहामलाई यो दिनुभयो। १९ तब व्यवस्थाको आवश्यकता किन पर्‍यो त? जुन सन्तानलाई प्रतिज्ञा भएको थियो, ऊ नआउञ्जेल अपराधको कारणले व्यवस्था थपियो। अनि एक जना मध्यस्थले स्वर्गदूतहरूद्वारा व्यवस्थाको स्थापना गर्‍यो।"**

सीनै पहाडमा दिइएको व्यवस्था अस्थायी वा संक्रमणकालीन हो भनेर धेरैले ती पदहरूलाई औँल्याएर बुझेको पाइन्छ। अब्रहाम आएको ४३०वर्ष पछि यो व्यवस्था दिइएको हो ,र जब येशू ख्रीष्ट आउनुभयो तब त्यसको औचित्य समाप्त भयो भनेर तिनीहरूले भन्छन्। तर पावलले रोमीमा उल्लेख गरेको व्यवस्था र बाइबलका अरू पदहरूमा औँल्याएका व्यवस्थासँग त्यो तर्क बाँझिएको पाइन्छ। उदाहरणमा हेर्नुहोस् ,मत्ती ५:१७-१९ " १७ "व्यवस्था अथवा अगमवक्ताहरूलाई रद्द गर्न म आएको भन्ने नसम्झ। म ती रद्द गर्न होइन, तर पूरा गर्न आएँ। १८ किनभने साँच्चै म तिमीहरूलाई भन्दछु, जबसम्म स्वर्ग र पृथ्वी टलेर जाँदैन तबसम्म सबै कुरा पूर्ण नभई कुनै किसिमले व्यवस्थाबाट एउटा मात्रा वा एउटा बिन्दु टल्नेछैन। १९ यसैकारण जसले यी आज्ञाहरूमध्ये सबैभन्दा सानोलाई उल्लङ्घन गर्ला, र मानिसहरूलाई त्यसै गर्न सिकाउला, स्वर्गको राज्यमा त्यो सबैभन्दा सानो कहलाइनेछ। तर जसले ती आज्ञाहरू पालन गर्ला र सिकाउला, स्वर्गको राज्यमा त्यो ठूलो कहलाइनेछ।)"

*जबसम्म* भन्दा सिमित समयसम्मको लागि हो भनेर निर्णय गरेर यो पद पाठकहरूले पढ्दा प्रायजसो गलत भएको सावित हुन्छ। त्यसकारण यो पद पढ्दा गहिरिएर सोच्नुपर्दछ। परमेश्वरको भय मान्ने मानिसको बारेमा व्याख्या गर्दा भजनको लेखकले भजन ११२:८मा भन्दछन् ,"उसको मन स्थिर छ। जबसम्म उसका बैरीहरू विजय भएको हेर्दैनन् तबसम्म उनी डराउने छैन। ("रूपान्तरित।) यसको अर्थ के त ,जुन मानिसले भय मान्छ त्यो मानिस डराउँदा सफलता हासिल गरेको हुन्छ र ?प्रकाश २:२५मा येशूले भन्नुहुन्छ ,"तिमीसँग जे छ त्यसलाई म नआउँञ्जेल पक्रेर राख ( रूपान्तरित)। यो विश्वास वा आस्थाको सन्दर्भमा भनिएको हो। के यसको अर्थ जब येशू आउनुहुन्छ तब उहाँमा निष्ठावान वा आस्थावान हुनु आवश्यक छैन त?

दुई हजार वर्ष अघि ख्रीष्ट आउनुभएपछि व्यवस्थाको औचित्य समाप्त भएको थिएन। जबसम्म व्यवस्था कायम हुन्छ तबसम्म यसले पापलाई

औँल्याइरहन्छ। ख्रीष्ट आउनुहुन्दा मानव इतिहासले फड्को मारेको थियो भनेर पावलले भन्दछ। व्यवस्थाले गर्न नसकेको कार्य ख्रीष्टले गर्न सक्नुभयो। पापको सत्य उपचार केवल ख्रीष्टले मात्र गर्नुहुन्छ। कसरी त ?उहाँको शरणमा आउने पापीहरूलाई उहाँले निर्दोष ठहराउनुहुन्छ र उहाँको पवित्र आत्माले उनीहरूभित्र काम गरेर उहाँको व्यवस्थाले पूर्णता पाउँदछ।

**यदि परमेश्वरले यो काम मेरो निम्ति गरिदिनुभयो भने उहाँलाई मैले कहिल्यै पनि शङ्का गर्नेछैन वा उहाँलाई प्रश्न गर्नेछैन भनेर तपाईंले कहिले सोच्नुभएको छ ?सीनैको पहाडमा के भयो ,सो सोच्नुहोस् !इस्रायलीहरूले परमेश्वरको शक्तिको प्रभावशाली उदाहरण देखेका थिए ,तैपनि तिनीहरूले के गर्न छोडेनन् ?सत्य विश्वास वा आस्था भनेको के हो ,यसलाई कसरी उपलब्ध गर्ने र यसलाई कसरी संचित गर्नुपर्छ भनेर इस्रायलीहरूको इतिहासमा घटेको घट्नाले कसरी बताउँदछ? हेर्नुहोस्ः कलस्सी २ः६ " यसकारण जसरी ख्रीष्टलाई तिमीहरूले ग्रहण गर्‍यौ, त्यसरी नै उहाँमा जीवन बिताओ।"**

## ५. गरिमामय प्रतिज्ञाको श्रेष्ठता (प्रेरित ७ः३८)

**३७ "ती तिनै मोशा हुन्, जसले इस्राएलीहरूलाई भनेका थिए, 'परमेश्वरले मलाई खड़ा गर्नुभएजस्तै तिमीहरूका दाजुभाइहरूमध्येबाट तिमीहरूका निम्ति एक जना अगमवक्ता खड़ा गर्नुहुनेछ।' ३८ यी तिनै मोशा हुन्, जो उजाड-स्थानमा भएको समुदायमा स्वर्गदूतसँग थिए, जुन स्वर्गदूतले सीनै पर्वतमा र हाम्रा पुर्खाहरूसँग बोलेका थिए, र तिनैले हामीलाई दिनका निम्ति जीवित वाणीहरू पाएका थिए।" (प्रेरित ७ः३८ रूपान्तरित)।**

व्यवस्थाले अनुग्रहको करारलाई हल्लाएको छैन भन्ने धारणाको निरन्तरता गलाती ३ः१९,२०मा पावलले दिन्छन्। यो अत्यन्त महत्त्वपूर्ण चासोको विषय हो ,किनभने यदि पावलका विरोधीहरू ठीक थिए भने व्यवस्थाले अनुग्रहलाई निकम्मा बनाउँथ्यो। यदि परमेश्वरको अनुग्रह बिना व्यवस्थाको सानोतिनो विधिविधानलाई पालन गरेर मुक्ति पाइन्छ भने हामी पापीहरूको अवस्था कस्तो हुनेथियो होला? अन्तमा हामी निराश कै बादलमा घुमिरहनेथियौं होला।

व्यवस्थाको बारेमा पावलले गलाती ३ः१९,२०मा गरेको टिप्पणी बुझ्न त्यत्ति सजिलो त छैन। तर त्यसको मूल सार स्पष्ट छ :प्रतिज्ञाको दोश्रो दर्जामा व्यवस्था आउँदछ ,किनभने स्वर्गदूतहरू र मोशाद्वारा व्यवस्था दिइएको थियो। तर स्वर्गदूतहरूले व्यवस्था दिइयो भन्ने कुरो प्रस्थानमा उल्लेख गरिएको छैन। तर बाइबलको अरू धेरै पदहरूमाचाहिँ दिइएको छ )व्यवस्था ३३ः२ ,प्रेरित ७ः३८,५३ ,हिब्रू २ः२(। ख्रीष्टको बारे कुरा गर्दा उहाँ

मध्यस्थकर्ता वा सहजकर्ता हुनुहुन्छ भनेर १ तिमोथी २:५मा पावलले भन्दछ। तर जब यो शब्द येशूलाई प्रयोग गरिएको थियो पावलको मनमा व्यवस्था ५:५ थियो भनेर उनको टिप्पणीले आभास् दिन्छ जसमा मोसाले भनेका थिए ,"तिमीहरू र परमेश्वरको बीचमा म उभिएँ। परमेश्वरले दिनुभएको सन्देश मैले तिमीहरूलाई सुनाईदिएँ )रूपान्तरित( ।"

अनगिन्ती स्वर्गदूतहरू र तेजस्वी महिमाले भरिपूर्णतासाथ सीनै पहाडमा व्यवस्था दिइएको थियो। व्यवस्था दिइने प्रक्रियामा मोसाले पनि उल्लेखनीय भूमिका खेलेका थिए। तर व्यवस्था अप्रत्यक्षरूपमा दिइएको थियो। तर जब परमेश्वरले अब्राहमसँग बाचा बाँध्नुभयो वा प्रतिज्ञा दिनुभयो ,त्यो त भिन्नै तरिकाले दिइएको थियो। उहाँको प्रतिज्ञा अब्राहमलाई सिधै दिइएको थियो ,र (त्यो सबै विश्‍वासीहरूको निम्ति पनि थियो)। यसको लागि मध्यस्थकर्ताको आवश्यकता थिएन। अन्तमा भन्दा व्यवस्था गरिमामय त छ। तर विश्वासद्वारा परमेश्वरको अनुग्रहले पाउने मुक्तिको प्रतिज्ञा व्यवस्थाको विकल्पमा होइन। तर व्यवस्थाले परमेश्वरको प्रतिज्ञा कत्तिको अचम्मको छ भनेर हामीलाई बुझाउन सघाउँछ।

**अब्राहमले परमेश्वरसँग सिधै सम्पर्क गरेको अनुभव कस्तो थियो ,सो को बारेमा विवेचना गर्नुहोस्। बिना मध्यस्थ परमेश्वरसँग सिधै कुरा गर्न पाउनको फाइदा के छ? हेर्नुहोस देहायका :उत्पत्ति १५:१-६ " १ त्यसपछि दर्शनमा अब्रामकहाँ परमप्रभुको यो वचन आयो, "अब्राम, तिमी नडराऊ। तिम्रो ढाल म नै हुँ, र तिम्रो इनाम अत्यन्त ठूलो हुनेछ।" २ तर अब्रामले भने, "हे परमप्रभु परमेश्वर, तपाईंले मलाई के दिनुहुन्छ र? किनभने म सन्तानविहीन नै छु, मेरो घरको उत्तराधिकारी दमस्कसको एलीएजर हुनेछ।" ३ फेरि अब्रामले भने, "हेर्नुहोस्, तपाईंले मलाई सन्तान दिनुभएन, र मेरो घरमा जन्मेको दास नै मेरो उत्तराधिकारी हुनेछ।" ४ तब परमप्रभुको यो वचन फेरि तिनीकहाँ आयो, "यो मानिसचाहिँ तिम्रो उत्तराधिकारी हुनेछैन, तर जो तिम्रो आफ्नै छोरा हुन्छ त्यही नै तिम्रो उत्तराधिकारी हुनेछ।" ५ अनि उहाँले तिनलाई बाहिर लगेर भन्नुभयो, "आकाशतिर हेरेर तारा गन्न सक्छौ कि सक्दैनौ, गनिहेर।" उहाँले तिनलाई भन्नुभयो, "तिम्रा सन्तानहरू पनि त्यस्तै हुनेछन्।" ६ अनि तिनले परमप्रभुमाथि विश्वास गरे, र यो तिनको निम्ति धार्मिकता गनियो।", उत्पत्ति १८:१-३३ " १ दिउँसोको गर्मीमा मम्रेका फलाँटका रूखहरूनेरको आफ्नो पालको ढोकामा अब्राहाम बसिरहँदा परमप्रभु तिनीहरूकहाँ देखा पर्नुभयो। २ तिनले आफ्ना आँखा उठाएर हेरे, र आफ्नो सामु तीन जना मानिसहरू उभिरहेका देखे। उनीहरूलाई देखेर तिनी पालको ढोकाबाट भेट गर्नलाई कुदेर गए, र भूइँसम्म निहुरेर दण्डवत्‌गरे। ३ तिनले भने, "हे मेरा प्रभु, ममाथि तपाईंको**

निगाह हुन्छ भने कृपा गरी आफ्नो दासकहाँबाट त्यसै नजानुहोस्। ४ म केही
पानी ल्याउनेछु, र तपाईंहरू आफ्ना पाउ धुनुहोस्, र यही रूखमुनि आराम
गर्नुहोस्। ५ म गएर केही रोटी ल्याउनेछु, र खाएर तपाईंहरू थकाइ मार्नुहोस्,
त्यसपछि मात्र जानुहोस्, किनभने यसैको निम्ति तपाईंहरू आफ्नो दासकहाँ
आउनुभएको होला।" उनीहरूले भने, "जाऊ, तिमीले भनेअनुसार गर।" ६ तब
अब्राहाम झट्टै पालमा साराकहाँ गएर भने, "तुरुन्तै पाँच पाथी मसिनो पीठो तयार
गरी मुछेर रोटी बनाऊ।" ७ अब्राहाम आफैंचाहिँ बथानतिर कुदेर गए, र एउटा
कलिलो र असल बाछो छानेर आफ्नो नोकरलाई दिए, र त्यसले तुरुन्तै त्यो
पकायो। ८ तब तिनले दही, दूध र त्यो पकाएको बाछाको मासु लगेर
उनीहरूका सामु टक्र्याए। उनीहरूले नखाउञ्जेल तिनी उनीहरूकै नजिक
उभिरहे। ९ अनि उनीहरूले तिनलाई सोधे, "तिम्री पत्नी सारा कहाँ छिन्?"
तिनले भने, "तिनी त पालमा छिन्।" १० तब परमप्रभुले भन्नुभयो, "आउँदो
साल यही समयमा म निश्चय नै तिमीकहाँ फर्किआउनेछु, र हेर, तिम्री पत्नी
साराले एउटा छोरो जन्माएकी हुन्छे।" साराले चाहिँ यो कुरो पालको ढोकाबाट
उहाँको पछिल्तिर सुनिरहेकी थिइन्। ११ अब्राहाम र सारा वृद्ध थिए र
तिनीहरूको उमेर धेरै ढल्किसकेको थियो। साराको रजस्वला पनि बन्द
भइसकेको थियो। १२ यसकारण सारा मनमनै यसो भन्दै हाँसिन्, "म वृद्ध
भइसकेकी छु, र मेरा पति पनि वृद्ध भइसक्नुभएको छ, र के मलाई यो सुख
हुन्छ र?" १३ तब परमप्रभुले अब्राहामलाई भन्नुभयो, " 'बूढ़ी भएर पनि मैले
छोराछोरी पाउने' भनेर सारा किन हाँसी? १४ परमप्रभुको निम्ति कुनै कुरो
कठिन छ र? आउँदो साल तोकिएकै समयमा म तिमीकहाँ फर्किआउनेछु, र
साराको एउटा छोरा हुनेछ।" १५ तर साराले यसो भन्दै इन्कार गरिन्, "म
हाँस्दै हाँसिनँ।" किनभने तिनी डराइन्। तर उहाँले भन्नुभयो, "तिमी हाँसेकै
हो।" १६ तब ती पुरुषहरू त्यहाँबाट सदोमतिर हेर्न लागे। अब्राहाम
उनीहरूसित अलि परसम्म बाटो देखाउन गए। १७ परमप्रभुले भन्नुभयो, "मैले
गर्न लागेको काम के अब्राहामबाट लुकाएर राखूँ? १८ अब्राहामबाट एउटा ठूलो
र शक्तिशाली जाति बन्नेछ, र त्यसद्वारा नै पृथ्वीका सबै जातिहरूले
आशिष्पाउनेछन्किनभने त्यसले आफ्ना छोराछोरीहरू र घरानालाई धर्म र न्याय
गरेर परमप्रभुको मार्ग पालन गर्नलाई आज्ञा दिओस्भनेर मैले त्यसलाई छानेको
छु। यसैले नै परमप्रभुले अब्राहामसित गर्नुभएको प्रतिज्ञा पूरा गरिदिनुहुनेछ।"
२० तब परमप्रभुले भन्नुभयो, "सदोम र गमोराको विरुद्धमा ठूलो आवाज उठेको
छ, र तिनीहरूका पाप साह्रै ज्यादा भएका छन्। २१ अब त्यही आवाजअनुसार
तिनीहरूबाट यो काम भएको हो कि होइन भनी हेर्नलाई म तल ओर्लेर जानेछु।
होइन रहेछ भने मलाई थाहा हुनेछ।" २२ यसकारण ती पुरुषहरू त्यहाँबाट

झरेर सदोमतिर गए। तर अब्राहामचाहिँ अझै परमप्रभुकै सामु उभिरहे। २३ तब अब्राहामले नजिक गएर उहाँलाई भने, 'के दुष्टहरूसँग धर्मीहरूलाई पनि सर्वनाश गर्नुहुनेछ? २४ त्यस सहरमा पचास धर्मी जन रहेछन्भने, के त्यसमा भएका पचास धर्मी जनका निम्ति त्यस सहरलाई नजोगाएर नष्ट पार्नुहुनेछ र? २५ दुष्टका साथमा धर्मी जनलाई मार्ने काम तपाईंबाट कहिल्यै नहोस्। धर्मीको दशा पनि दुष्टको जस्तै हुनु त तपाईंबाट पर रहोस्। सारा पृथ्वीका न्यायकर्ताले उचित न्याय गर्नुहुन्न र?" २६ परमप्रभुले भन्नुभयो, "सदोम सहरभित्र पचास धर्मी जन पाएँ भने म तिनीहरूका खातिर जम्मैलाई छोड़िदिनेछु।" २७ अब्राहामले भने, "हेर्नुहोस्, म केवल माटो र खरानी मात्र भएर पनि परमप्रभुसँग कुरा गर्न आँट गरेको छु। २८ पाँच कम पचास जना धर्मी जन त्यहाँ रहेछन्भने, केवल पाँच मात्र घटी भएकामा सारा सहरै तपाईं नाश गर्नुहुनेछ?" उहाँले भन्नुभयो, "त्यहाँ पैंतालीस पाएँ भने म त्यो नाश गर्नेछैनँ।" फेरि तिनले भने, "त्यहाँ चालीस रहेछन्भने?" २९ उहाँले भन्नुभयो, "चालीस जनाका खातिर पनि म त्यसो गर्नेछैनँ।" ३० तब तिनले भने, "परमप्रभुलाई रिसानी नभए म अझै बोल्नेछु। यदि त्यहाँ तीस जना पाइए भने?" उहाँले भन्नुभयो, "त्यहाँ तीसै पाएँ भने पनि म त्यसो गर्नेछैनँ।" ३१ तिनले भने, "हेर्नुहोस्, परमप्रभुसँग मैले कुरा गर्ने आँट गरिरहेछु। बीस जना पाइए भने?" उहाँले भन्नुभयो, "बीस जनाका खातिर पनि म नाश गर्नेछैनँ।" ३२ अनि तिनले भने, "परमप्रभुलाई रिसानी नहोस्। अब एक पल्ट मात्र बोल्नेछु। यदि त्यहाँ दश जना पाइए भने?" उहाँले भन्नुभयो, "दश जनाका खातिरमा पनि म त्यो नाश गर्नेछैनँ।" ३३ अब्राहामसित कुरा गरिसक्नुभएपछि परमप्रभु गइहाल्नुभयो, र अब्राहामचाहिँ आफ्नो ठाउँमा फर्के।" र उत्पत्ति २२:१-१८ " १ केही समयपछि परमेश्‍वरले अब्राहामको ठूलो जाँच गर्नुभयो, र तिनलाई भन्नुभयो, "हे अब्राहाम।" तिनले भने, "म यहीं छु।" २ उहाँले भन्नुभयो, "तिम्रो छोरो, अर्थात्तिमीले माया गरेको तिम्रो एउटै छोरो इसहाकलाई लिएर मोरीयाहको देशमा गई मैले तिमीलाई देखाएको डाँड़ामा त्यसलाई होमबलि गर्।" ३ अब्राहाम बिहानै उठेर गधामा काठी कसे, र आफ्ना कमाराहरूमध्येका दुई जना र छोरो इसहाकलाई साथमा लिए, र होमबलिको निम्ति दाउरा चिरेर परमेश्‍वरले तिनलाई भन्नुभएको त्यस ठाउँमा हिँड़े। ४ तेस्रो दिन अब्राहामले हेर्दा टाढ़ामा त्यो ठाउँ देखे। ५ तब अब्राहामले आफ्ना कमाराहरूलाई भने, "तिमीहरू यहीं गधासँग बस। म र यो केटो ऊ परसम्म गएर पूजा गरी तिमीहरूकहाँ फर्केर आउनेछौं।" ६ अब्राहामले होमबलिको दाउरा उठाएर आफ्नो छोरो इसहाकलाई बोकाए, र आगो र छुरी आफ्नो हातमा लिए। यसरी ती दुवै जना सँगसँगै गए। ७ इसहाकले आफ्ना पिता अब्राहामलाई भने, "बुबा।" तिनले भने, "के हो, छोरा?" त्यसले भन्यो, "यी

आगो र दाउरा त छन्, तर होमबलिको थुमाचाहिँ खोइ?" ८ अब्राहामले भने, "छोरा, परमेश्वरले नै होमबलिको निम्ति थुमा जुटाइदिनुहुनेछ।" अनि ती दुवै सँगसँगै गए। ९ परमेश्वरले तिनलाई भन्नुभएको ठाउँमा पुगेपछि अब्राहामले त्यहाँ एउटा वेदी बनाएर दाउरा तह लाएर राखे। त्यसपछि तिनले आफ्नो छोरो इसहाकलाई बाँधेर वेदीमा दाउरामाथि राखे। १० तब अब्राहामले आफ्नो छोरालाई बलि गर्न छुरी उठाए। ११ तर परमप्रभुका एउटा दूतले स्वर्गबाट तिनलाई हपारेर भने, "ए अब्राहाम, अब्राहाम!" तिनले भने, "म यहीँ छु।" १२ उनले भने, 'तिम्रो हात त्यस केटामाथि नउठाऊ, र त्यसलाई केही नगर्नु। अब मैले थाहा पाएँ तिमी परमेश्वरसँग डराउँदोरहेछौ, किनकि तिम्रो छोरो, तिम्रो एकमात्र छोरालाई पनि मबाट तिमीले रोकेर राखेनौ।" १३ अब्राहामले माथितिर हेरे र एउटा भेड़ा झाड़ीमा सीङ अल्झेर फसेको देखे। अब्राहामले गएर त्यस भेड़ालाई ल्याए, र तिनका छोराको सट्टामा त्यसैलाई होमबलि गरे। १४ यसकारण अब्राहामले त्यस ठाउँको नाउँ "परमप्रभुले जुटाउनुहुन्छ" राखे। "परमप्रभुको डाँड़ामा जुटाइनेछ" भनी आजपर्यन्त भनिन्छ। १५ परमप्रभुका दूतले दोस्रो पल्ट स्वर्गबाट अब्राहामलाई कराएर भने, १६ "परमप्रभु भन्नुहुन्छ, 'मैले आफ्नै नाउँमा शपथ खाएको छु, कि तिमीले यो काम गरेकोले र तिम्रो छोरो, अर्थात् तिम्रो एउटै छोरालाई पनि मबाट नरोकेकोले म निश्चय नै तिमीलाई आशिष्‌दिनेछु। १७ तिम्रा सन्तानको वृद्धि गरेर आकाशका तारा र समुद्र किनारका बालुवासरह म तुल्याउनेछु। तिम्रा सन्तानले आफ्ना शत्रुहरूका सहरहरू कब्जा गर्नेछन्। १८ तिम्रै सन्तानद्वारा पृथ्वीका सबै जातिहरू आशीर्वादी हुनेछन्, किनकि तिमीले मेरो वचन पालन गर्‍यौ।"

बाइबलमा यस्तै खालको परमेश्वर र मानिसहरूको बीचमा भएको जम्का भेटको बारेमा सोच्नुहोस् ,जस्तै अदनको बँगैचामा परमेश्वरले आदम र हवालाई गर्नुभएको बार्तालाव )उत्पत्ति ३(, याकूबले स्वप्न दर्शनमा देखेको सिँदी (उत्पत्ति २८), र दमस्कसको बाटोमा पावलले येशूको आवाजसँग जम्काभेट भएको अनुभव )प्रेरित ९(। हुनसक्छ त्यस्तो नाटकीय ढँगमा तपाईंको सम्पर्क परमेश्वरमा भएको थिएन होला। तर कुनै न कुनै तरिकाले परमेश्वरको उपस्थिति तपाईंको जीवनमा भएको अनुभव गर्नुभएको छ ? अब्राहमले जुन तरिकासँग परमेश्वरसँग घनिष्ठ सम्वन्ध गाँसेको थियो ,त्यस तरिकाबाट बँचित हुन तगारो भएर खडा भइरहेको तत्वहरू तपाईंको व्यक्तिगत जीवनमा केहि छ ?यदि त्यस्तो महशूस गर्नुभएको छ त्यसलाई परिवर्तन गर्न कुन कदम तपाईंले चाल्न सक्नुहुन्छ?

**उपसंहारः**

थप जानकारी :"कठोर दासत्वको जीवन यापन गरिरहनुपर्दा इस्रायलीहरूले परमेश्वरको बारेमा आत्मज्ञान र अब्रहामसँग गरिएको वाचाका अधीनहरू करिब करिब भूलिसकेका थिए। तिनीहरूलाई मीश्रदेशबाट स्वतन्त्रता दिनुभएर परमेश्वरले आफ्नो महिमा र शक्ति देखाउनुभएको थियो ,ताकि तिनीहरूले उहाँमाथि भरोसा राखोस् र उहाँलाई प्रेम गर्न प्रोत्साहित होस्। लाल समुद्रको छेउमा परमेश्वरले तिनीहरूलाई ल्याउनुभयो ,जहाँ मिश्रीहरूको खेदोबाट बच्न असम्भव थियो। इस्रायलीहरूको निरिहता र तिनीहरूले परमेश्वरको सहायताको आवश्यकतालाई जानुन् भनेर परमेश्वरले चाहनुभएको थियो। अनि अचम्म तरिकाले उहाँले तिनीहरूलाई बचाउनुभयो। यसले गर्दा मानिसहरूको हृदय उहाँप्रतिको प्रेम ,कृतज्ञता र सहयता गर्न उहाँको शक्ति छ भन्ने भरोसाले भरिपूर्ण होउन् भनेर परमेश्वरले आशा गर्नुभएको थियो। दासत्वको जीवन बिताइरहेका इस्रायलीहरूको माझमा आफू उद्धारकर्ता वा मुक्तिदाता हुन् भनेर आफूलाई चिनाउनुभएको थियो।

तर तिनीहरूलाई अझ धेरै र महान् सत्यहरू सिकाउन बाँकीनै थियो। अनगिन्ति मूर्तिपूजाहरूको बीचमा रहेर परमेश्वरको पवित्रता ,आफ्ना हृदयका पापहरूको पाप ,परमेश्वरको व्यवस्थालाई पालन गर्न असमर्थता र मुक्तिदाताको आवश्यकताको बारेमा तिनीहरूलाई सचमूचरूपमा ज्ञान थिएन। ती सबै तथ्यहरू सिकाउन बाँकी नै थियो। "एलेन जी ह्वाइट ,पाट्रियार्क एण्ड प्रोफेटस् ,पृ. ३७१बाट रूपान्तरित।

पापीहरूलाई दोषी ठहराउँदै परमेश्वरको व्यवस्था सीनै पहाडमा शक्ति प्रदर्शन गरेर परमेश्वरले दिनुभएको थियो। व्यवस्था वा दश आज्ञाले हाम्रो पापलाई देखाउँदछ ,र हामी दोषलाई औँल्याउँदछ। तर व्यवस्था अर्थात् दश आज्ञा आफैमा क्षमा दिन र मुक्ति दिने शक्ति छैन। "एलेन जी ह्वाइटको टिप्पणी ,द एसडिए बाइबल कमेन्टरी ,ठेली ५ ,पृ. १०९४बाट रूपान्तरित।

**चिन्तनमनन**

क) **बाचाहरू विषेश गरेर तोडिएका प्रतिज्ञाहरूको बारेमा सोच्नुहोस्। तपाईंलाई दिएको प्रतिज्ञालाई कसैले तोड्छ भने तपाईंलाई कस्तो हुन्छ ?मानिसले आफ्नो वचन राख्दछ वा राख्दैन त्यसले केहि फरक पार्दछ र ?जुन तरिकाबाट वाचा वा वचनवद्धता तोडिएतापनि त्यस व्यक्तिमाथि तपाईंको भरोसा राखिने मनस्थिति कस्तो हुन आउँछ ?तर यथार्थमा भन्ने हो भने परमेश्वरको प्रतिज्ञामाथि भरपर्न तपाईंले कसरी सिक्ने?**

ख)	परमेश्वरले दिनुभएको महत्त्वपूर्ण सत्यहरूलाई ओझेलोमा पार्न बिभिन्न परिस्थिति र वातावरणहरूको ओइरो लाग्न सक्छ। तिनीहरूले हामीलाई खतरामा पार्न सक्दछ र तिनीहरूको प्रभावले हामीले पाउने मुक्तिलाई जोखिममा पार्न सक्दछ। ती खतराहरू र नकारात्मक प्रभाहरूलाई हामीले कसरी चिन्ने ? तिनीहरूले हामीलाई प्रभाव नपारुन् भनेर हामीले कसरी सतर्कता अपनाउने?

**सारांश**

सीनै पहाडमा व्यवस्था दिइँदा परमेश्वरले अब्राहमलाई दिनुभएको वाचा हटाइएको थिएन। न त व्यवस्थाले प्रतिज्ञाका सुत्र वा महत्त्वपूर्ण अधीनहरूलाई परिवर्तन गरेको छ। आफ्ना पापहरूको सत्य ज्ञान र अब्राहम र उनको भावी सन्ततिहरूलाई दिएको प्रतिज्ञालाई जानुन् भनेर मानिसहरूलाई व्यवस्था दिइएको थियो।

कथा ६

# शैतानले ढुङ्गाहरू बर्षाउन छोड्छ

केही दिनपछि सुसमाचार प्रचार गर्ने ;भा सुरु गरे। जब यरकैयfको घर नजिकै ;भाको आयोजना गर्न परालको छाना राखेर सभा घर बनाइदैं थियो, त्यसबेला पास्टरले अर्को गाउँको घरमा । प्रचार सभा राखेका थिए। जब सभा गर्ने ठाउँ तयार भयो तब धेरै जना मानिसहरू जम्मा भए। त्यस गाउँका १५० जना मानिसहरू सुसमाचार सुन्न आए। जब पास्टरले बोल्न थाले तब खरको छानामा ढुङ्गाहरू वर्षिन थाले। छानो फोडेर मानिसहरू बसेको ठाउँमा ती ढुङ्गाहरू खस्न थाले। मानिसहरू ढुङ्गाहरूलाई पन्छाउँदै सभा स्थलबाट बाहिर निस्कन खोजे। एक जना मानिसले ढुङ्गा देखाउँदै पास्टरलाई भने “हेर्नुहोस्, दुष्ट आत्माहरूले फेरि हामीहरूलाई सताइरहेका छन्।"

"न डराउनुहोस्! हामी जीवित परमेश्वरलाई प्रार्थना गरौं र यस समस्यालाई उहाँबाट नै सुल्झाउन अनुरोध गरौं।" पास्टरले डराएका सहभागीहरूलाई भने। अनि उनी प्रार्थना गर्न थाले। उनले सबैले सुन्ने गरेर ठूलो स्वरमा प्रार्थना गरेः "परमेश्वर पिता, तपाईं जीवित परमेश्वर हुनुहुन्छ। शैतानले हामीहरूको प्रचार सभालाई बाधा दिइरहेको छ। तपाईं साँच्चिक्कै परमेश्वर हुनुहुन्छ भनेर देखाउनुहोस् ताकि यहाँका मानिसहरूले तपाईंको बारेमा अरू धेरै जान्न चाहोस्। तपाईं साँच्चिक्कै परमेश्वर हुनुहुन्छ भनेर देखाइदिनुहोस्। शैतानका आत्माहरूले ढुङ्गाहरू बर्षाउन छोडुन्।" अनि पास्टर रावले दुष्ट आत्माहरूलाई चिच्याउँदै सम्बोधन गरे "येशू ख्रीष्टको नाउँमा तँ शैतानका आत्माहरू यस गाउँबाट छोड्न आदेश दिन्छु!" त्यत्तिक्कै बेला एउटा ढुङ्गा छानामा खस्यो तर त्यहीं रह्यो।

मानिसहरू छक्क परेर एक छिन त उभिएर बसे। अनि तिनीहरू प्रवचन सुन्न बसे। प्रार्थना पछि एउटा ढुङ्गा पनि छानाबाट खसेन। यराकैयाको घरमा पनि ढुङ्गा बर्षेन। त्यस दिनदेखि यराकैया र उनका परिवार आनन्दसँग सुते। परमेश्वर जीवित हुनुहुन्छ भनेर यराकैयालाई विश्वास भयो। अब उनले सत्य परमेश्वरको आराधना गर्ने निर्णय गरे। उनले जाँडरक्सी पनि खान छोडे। तिनीहरूले आफ्ना तीन जना छोरा छोरीहरू र नातिनातीनीहरूलाई पनि

प्रचार सभामा भाग लिन बोलाए। अब तिनीहरू सबैले स्वर्गको परमेश्वरको आराधना गर्छन्।

प्रत्येक ब्यक्ति जसले येशूलाई विश्वास गरे उसले आआफ्नो घरमा भएका मूर्तिहरूलाई बाहिर निकाले र नजिकको नदीमा फ्याँकि दिए।

परमेश्वरले काम गरेर आफ्नो घर र गाउँमा परिवर्तन आएकोले यराकैया यति खुशी भए कि उनले नजिकको गाउँमा भएका आफन्त र साथीहरूकहाँ जान पास्टरलाई अनुरोध गरे। गाउँलेहरूलाई कसरी परमेश्वरले ढुङ्गा बर्षाउने दुष्ट आत्माहरूलाई हटाउनु भयो र तिनीहरूलाई पनि जीवित परमेश्वरको बारेमा पास्टरले भनेका वचनहरू सुन्न यराकैयाले अनुरोध गरे। त्यस गाउँका मानिसहरूले परमेश्वरको वचन चाख मानेर सुने। तिनीहरूको हृदय सत्यप्रति खुला थियो। त्यस गाउँमा १५० जना मानिसहरूले बप्तिस्मा लिए।

भारतमा परमेश्वरको सुसमाचार सुनाउने काम रफ्तारमा गइरहेको छ। तेऱ्हौं हप्ताको साबथ भेटीले परमेश्वरको काममा थप सहयोग मिल्ने छ। खुला दिलले दिनुहुने भेटीको निम्ति तपाईंहरूलाई धन्यवाद।

**(यराकैया र चिनामम्मी बालङ्गा भारतको आन्द्रप्रदेशको कोनकबरदा गाउँमा बस्दछन्)।**